**श्रम तथा यातायात मन्त्रालय**

**श्रम बजार सर्वेक्षण**

युवा जनशक्तिको बढ्दो आकार, ऋणको भार, आन्तरिक रोजगारीको न्यून अवसर, कलकारखाना बन्द भइरहेको अवस्था, गन्तव्य मुलुकबाट आकर्षक रोजगारीका विज्ञापन, भौतिक सुविधाको बढ्दो आकांक्षा, सामाजिक दबाब र राजनीतिक अस्थिरताबाट उत्पन्न निराशा आदिका कारण वैदेशिक रोजगार यतिबेला बाध्यता बनेको छ ।

अझ् यो नेपालको सन्दर्भमा सामाजिक र आर्थिक संरचनाको एउटा अभिन्न हिस्सा नै बनेको छ । राष्ट्रिय अर्थतन्त्रको मुख्य आधार नै रेमिट्यान्स बनेको छ । त्यसैले श्रम अप्रवासनको महत्तालाई सीधा अस्वीकार गर्न सक्ने स्थिति तत्काल देखिँदैन । बरु अदक्ष र अद्र्धदक्ष जनशक्तिलाई सीप सुधारमार्फत दक्ष बनाउँदै सुरक्षित, मर्यादित र थप आयवर्द्धन रोजगारका लागि तयार गर्नु नै उचित हुन्छ ।

यसका लागि अप्रवासन प्रक्रियामा देखिने चुनौती, गन्तव्य देशमा देखिएका कठिनाइ, अनुत्पादक क्षेत्रमा रेमिट्यान्सको प्रयोग प्रवृत्ति, वैदेशिक रोजगार र तिनका परिवारको पोस्ट अप्रवासन समस्या आदिका समाधानका लागि प्रदेश सरकारले काम गरिरहेको छ ।

आर्थिक स्थिरतालाई प्रवर्द्धन गर्ने वातावरण निर्माण गर्ने जिम्मेवारी र आफ्ना समुदायहरूको जटिल आवश्यकतालाई सम्बोधन गर्ने जिम्मेवारी प्रदेश सरकारको छ । श्रम अप्रवासनको पाटोमा जसरी प्रदेश सरकारले रणनीतिक र कार्यान्वयन तहमा काम गरिरहेको छ त्यसरी नै घरेलु श्रमबजारमा रोजगार पहिचान तथा सुनिश्चित गर्ने कार्यलाई अघि बढाएको छ ।

श्रम बजारमा प्रवेश गर्ने व्यक्ति र रोजगारदातालाई चाहिने जनशक्तिको प्रक्षेपण र बेरोजगारलाई त्यसअनुसारका तालिम दिएर रोजगारमा संलग्नताको अवसरका लागि आधार तयार गर्ने श्रम बजार सर्वेक्षण हामीले गरेका छौँ । प्रदेशका दुई सय कम्पनीलाई लक्षित गरी यो सर्वेक्षण गरिएको छ ।

**प्रदेश यातायात तथा सवारी व्यवस्थापन विधेयक पारित**

मधेश प्रदेशसभाबाट प्रदेश यातायात तथा सवारी व्यवस्थापन विधेयक पारित भएको छ । यसको प्रमाणीकरण बाँकी छ । पारित विधेयक प्रमाणीकरणपछि कार्यान्वयनमा ल्याउन नियमावली, कार्यविधि र मापदण्ड आदि बनाउने कार्य भइरहेको छ । यसबाट प्रदेशमा यातायात तथा सवारी व्यवस्थापन गर्न सङ्घीय कानुनअनुसार काम गर्नुपर्ने बाध्यताको अन्त्य हुनेछ । ट्राफिक प्रहरीले असुल गर्ने जरिबाना प्रदेश सरकारले प्राप्त गर्ने र सवारीचालक अनुमतिपत्र प्राप्तिमा देखिएका समस्या समेत समाधान हुनेछ ।

**सवारीसाधनको डिजिटलाइजेसन र अर्काइभिङसम्बन्धी कार्यविधि २०८१**

प्रदेशमा सवारीसाधनको अभिलेख खोज्नुभयो भने तपाईँ अन्य जम्मै कुरा पाउनुहुन्छ, आफ्नो पाउनुहुन्न । अर्थात् सवारीसाधनको अभिलेख व्यवस्थित र पहुँचयोग्य अवस्थामा छैन । सूचना प्रविधिको माध्यमले छिटो, छरितो र सहज रूपमा सेवाप्रवाह गर्न प्रदेशमा सवारीसाधनको डिजिटलाइजेसन र आर्किभिङ्ग सम्बन्धी कार्यविधि २०८१ ल्याइएको छ । यसबाट सवारीसाधनका आवश्यक तथा महत्त्वपूर्ण अभिलेखहरूको कम्प्युटराइज्ड डाटावेस तयार हुनेछ ।

**सीप विकाससम्बन्धी कार्यविधि तयारी**

सिप विकाससम्बन्धी कार्यविधि तयारी अन्तिम चरणमा पुगेको छ । प्रदेशका जनशक्तिलाई सीप प्रदान गर्ने तथा प्रदेशभित्र दक्ष जनशक्ति उत्पादन गर्ने विभिन्न विषय र समयअवधिको व्यावसायिक तथा सीपमूलक तालिम सञ्चालन गर्न यो कार्यविधिले मद्दत गर्नेछ ।

वैदेशिक रोजगार तथा घरेलु श्रमबजार दुवैको आवश्यकतालाई दृष्टिगत गरी विभिन्न विषय र समयअवधिको व्यावसायिक तथा सीपमूलक तालिम सञ्चालन गर्न मैले मधेश विश्वविद्यालयलाई समेत पाठ्यक्रम तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्न आग्रह गरेको छु । र, त्यसअनुसार कार्य अगाडि बढाइएको छ ।

**रोजगार प्रवर्द्धनसम्बन्धी कार्यविधि तयारी**

रोजगार प्रवद्र्धनसम्बन्धी कार्यविधि तयारी अन्तिम चरणमा पुगेको छ । यस कार्यविधिबाट प्रदेशका बेरोजगार युवा, महिला, दलित तथा विपन्न समुदायलगायतका लागि रोजगारी तथा आयआर्जनका क्रियाकलापमा संलग्न गराउने कानुनी आधार तयार हुनेछ । यसबाट विभिन्न क्षेत्रमा दिगो र अधिकतम रोजगारीको पहिचान तथा सुनिश्चितता हुनेछ ।

**प्रदेश श्रम सल्लाहकार निर्देशिका २०८१**

प्रदेशभित्र श्रम ऐन २०७४ र प्रदेश सरकारको श्रम तथा रोजगार नीति २०७९ लाई सहजतापूर्वक कार्यान्वयन गरी श्रमिकका हकअधिकार सुनिश्चित गर्न, श्रमिक, रोजगारदाता तथा प्रदेश सरकारबीचको सम्बन्ध प्रभावकारी बनाई श्रम क्षेत्रको सुधारलाई व्यवस्थित गर्दै श्रमसम्बन्धी नीति निर्माणका लागि प्रदेश श्रम सल्लाहकार परिषद् गठन गर्न यो निर्देशिका जारी भएको छ ।

**श्रम तथा यातायात मन्त्रालयको प्रशासनिक भवन**

श्रम तथा यातायात मन्त्रालयको प्रशासनिक भवनका लागि डिजाइन र लागत अनुमान भई टेन्डर निकाल्ने प्रक्रिया अन्तिम चरणमा पुगेको छ । यसबाट मन्त्रालयका लागि आवश्यक, उचित र सुरक्षित संरचना निर्माण हुनेछ ।

**खेलकुद तथा समाजकल्याण मन्त्रालय**

**बालिका संरक्षण ऐन पारित**

मधेश प्रदेशसभाबाट बालिका संरक्षण विधेयक पारित भई कार्यान्वयनमा आएको छ ।

**प्रदेश खेलकुद विकास सम्बन्धमा व्यवस्था ऐन**

मधेश प्रदेशसभाबाट प्रदेश खेलकुद विकास सम्बन्धमा व्यवस्था विधेयक पारित भएको छ । यसको प्रमाणीकरण बाँकी छ । यो कानुन कार्यान्वयनमा आएपछि मधेशको खेलकुद क्षेत्रले फड्को मार्नेछ ।

**खेल मैदान**

जनकपुरधाममा अत्यन्त चासो र महत्त्वका साथ प्रतीक्षा गरिएको अन्तर्राष्ट्रिय रामजानकी क्रिकेट रङ्गशालाका लागि अवधारणात्मक संरचना तयार भई डिपिआर (विस्तृत परियोजना प्रतिवेदन) तयार हुने क्रममा छ । यो रङ्गशाला निर्माण भएपछि खेलकुद क्षेत्रको विकास तथा विस्तारमा ठूलो योगदान पुग्नेछ भने जनकपुरधामको पर्यटनवृद्धिमार्फत प्रदेश अर्थतन्त्रले टेवासमेत पाउनेछ ।

यसका साथै प्रदेशभित्रका खेल मैदानलाई व्यवस्थित र स्तरोन्नति गर्ने कार्य, परम्परागत खेल मैदानको पहिचान तथा उन्नयन र थप खेल मैदानको सम्भावना तथा विकासको कार्य भइरहेको छ ।

**खेलाडी, प्रशिक्षक तथा स्वयंसेवकको प्रोफाइल तयारी**

खेलाडी तथा प्रशिक्षकलाई संरक्षण, प्रोत्साहन र क्षमता विकासका कार्ययोजना कार्यान्वयनमा सहजताका लागि प्रदेशका खेलाडी, प्रशिक्षक तथा स्वयंसेवकहरूको सम्पूर्ण विवरणसहितको व्यावसायिक अभिलेख तयार गर्ने काम सुरु भएको छ ।

खेलाडी, प्रशिक्षक तथा स्वयंसेवकको प्रोफाइलबाट खेलकुद क्षेत्रको व्यावसायीकरणमा मद्दत पुग्नेछ । यसबाट खेलकुद क्षेत्रमा संलग्न व्यक्तिलाई पुरस्कार तथा सम्मान दिने सरकारको योजना कार्यान्वयन सहज हुनेछ ।

**पाठ्यक्रममा खेलकुद**

विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा खेललाई प्राथमिक्ता दिन, विद्यालयमा नियमित र अनिवार्य खेलकुद अभ्यास गराउन, खेलको सैद्धान्तिक तथा प्रयोगात्मक ज्ञानसिप प्रदान गराउन, विद्यालयमा खेल संरचना र सामग्रीको उपलब्धता आदिका लागि विभिन्न शैक्षिक संस्थासँग साझेदारी गर्ने कार्य अघि बढाइएको छ । खेलका आधारभूत सिप र नियम सिकाउन पाठ्यक्रममै खेल विषय समावेश गराउन समेत पहल भइरहेको छ ।

परम्परागत खेल प्रवर्द्धन

नेपाल बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक एवम् भौगोलिक विविधता भएको देश हो । मधेशको भूगोलमा पनि वैविध्य छ । यस्तो विविधता अर्थात फरक फरक विशिष्ठताका कारण प्रदेशकै भूगोलमा भिन्नभिन्न प्रकृतिका परम्परागत खेलको चलन छ । यस्ता प्रचलित एवम् लोकप्रिय परम्परागत खेलको संरक्षण र प्रोत्साहन एवम् विकासका लागि त्यससँग सम्बन्धित सूचना संकलन गर्ने कार्य भइरहेको छ । यसले ती खेलको प्रवर्द्रधनका लागि कार्यनीति तथा योजना बनाउन मद्दत पुग्नेछ ।

**गैरसरकारी संस्थाको विवरण संकलन गर्ने**

प्रदेश सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूको विवरण संकलन गरिरहेको छ । यस्ता विवरणले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूमार्फत प्रदेशमा हुने परियोजनालाई सरकारले तोकेको प्राथमिकता क्षेत्रमा केन्द्रित गराउन, परियोजनाको प्रतिफललाई प्रभावकारी ढंगले उपयोग गराउन, ती संस्थामार्फत सञ्चालन हुने परियोजनालाई सरकारका विभिन्न निकाय तथा गैरसरकारी संस्थाबीच समन्वय तथा सहयोगलाई एकीकृत रूपमा परिचालन गराउने आदि उद्देश्य पुरा गर्न सकिन्छ ।

**ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय**

दुग्धमती नदी अतिक्रममुक्त गर्न अभियान

ऐतिहासिक तथा धार्मिक महत्त्वको दुग्धमती नदीको प्राकृतिक बहाव क्षेत्र पहिचान गरी सीमा निर्धारण तथा उत्खनन् गर्ने निर्णय मेरो अध्यक्षतामा बसेको उच्चस्तरीय बैठकले गरेको छ ।

सोही बैठकले प्रदेशको ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयलाई सङ्घ सरकारअन्तर्गतको मालपोत तथा नापी कार्यालयसँग सहकार्य गरेर सीमाङ्कन गराउने, उत्खनन्का लागि सडक डिभिजन कार्यालयबाट उपकरण व्यवस्थापन गर्ने तथा ती उपकरण सञ्चालनका चाहिने इन्धन प्रदेश सरकारबाट दिनेगरी कार्य अघि बढाउन जिम्मेवारी दिएको छ । सो बैठकलगत्तै हामीले दुग्धमती नदीको मुहान तथा नदी प्रणालीको मध्यभागसम्म अवलोकन निरीक्षण गरी अतिक्रमणको स्थिति, जटिलता र समाधानका बारेमा जानकारी लिएका थियौँ ।

यसबारे म थप कुरा गर्छु । विभिन्न प्राचीन तथा वैदिक धर्मग्रन्थहरूमा दुधमती नदीका विषयमा चर्चा गरिएका छन् । श्रुतिहरूमा पनि यसबारेमा विशद् वर्णण छ । यो नदीको महात्म्यमात्रको श्रवण पनि आफैमा अत्यन्त पवित्र अनुभूति हुनेगर्छ । भनिन्छ, कयौँपटकको गंगास्नानभन्दा एकपटकको दुधमती स्नानले बढी पुण्य प्राप्त हुन्छ । दुधमती किनारको रात्रिवासले धेरैवटा यज्ञादि संस्कारभन्दा बढी प्रतिफल दिन्छ ।

ऐतिहासिक तथा धार्मिक महत्त्वको यस्तो धरोहर अहिले अतिक्रमण र प्रदूषणको चपेटामा परेको छ । प्रदेश सरकार दुधमती नदीको प्राकृतिक बहाव क्षेत्र पहिचान गरी सीमा निर्धारण तथा उत्खनन् गर्ने निर्णय गरेको छ ।

तर, यसका लागि गहिरो इच्छाशक्ति, दृढ संकल्प र बृहत् समन्वयात्मक सामाजिक प्रयासको आवश्यकता छ । दुधमतीको सीमा पहिचान तथा उत्खनन् कार्य गर्न सरकारले कार्यदल गठन गरेको छ । र, यसको चुनौती भनेकै साधनस्रोतको जोहो गर्नु हो । साथै उत्खनन् कार्यमा प्रयोग हुने आवश्यक जेसिभी (भ्याकुलेटर), स्काभेटर उपकरण भएका श्रद्धालु तथा मनकारी निर्माण व्यवसायी लगायतलाई उपलब्ध गराउन प्रदेश सरकारले आह्वान गरेको छ ।

प्रदेश सरकारको पहल र हाम्रो एकीकृत प्रयासले केही समयभित्रमै सफा, स्वच्छ र अतिक्रमणमुक्त दुधमती नदी प्राप्त गर्नेछौँ ।

### सिँचाइ उपआयोजनाका लागि लागि दुई अर्ब १९ करोड रकमको बोलपत्र आह्वान

एसियाली विकास बैंक ऋण सहायतामा सिँचाइ आधुनिकीकरण प्रवद्र्धन आयोजना (क्ष्ःभ्ए) अन्तर्गत विभिन्न उपआयोजनाहरूको बोलपत्र आह्वान भएको छ । दुई अर्ब १९ करोड रकमबराबरको यो कामबाट १५ वटा उपआयोजनाहरूमार्फत पाँच हजार सात सय ९८ हेक्टर भूभागमा थप सिँचाइ हुनेछ ।

### वन तथा वातावरण मन्त्रालय

### प्रदेश वन ऐन, २०७७ को संशोधन मस्यौदा तयारी

प्रदेश वन ऐन २०७७ मा मुद्दा अनुसन्धान तहकिकात र दायर गर्ने व्यवस्था छैन । सङ्घीय वन ऐनमा डिभिजनल वन अधिकृत (डिएफओ) नेपाल सरकारको हुने भनिएको छ । त्यसकारण प्रदेश सरकार मातहतका डिफएओले वनसम्बन्धी कसुरको अनुसन्धान तथा मुद्दा दायर गर्न कठिन हुनेगरेको अनुभव वन अधिकारीहरूको छ । यसबाट मुद्दा नै फितलो हुने समस्या छ । यसले वनक्षेत्रमा हानीनोक्सानी गर्नेहरूको मनोबल समेत बढेको छ । ऐनमा अब संशोधनबाट नेपालको संविधानको साझा सूचीमा रहेको फौजदारी अभियोग लगाउने अधिकार प्रदेश सरकारलाई प्राप्त हुनेछ । ऐन कार्यान्वियनमा आएपछि वन, वनक्षेत्र, वन्यजन्तु र वातावरणका साथै ढुङ्गा, गिट्टी र वालुवाको व्यवस्थित संकलन हुनेछ ।

यस विषयमा मैले आठवटै जिल्लाका डिएफओहरूलाई हालकै व्यवस्थाअनुसार पनि वनसम्बन्धी कसुरमा अनुसन्धान तथा अभियोजन गर्न पछि नपर्न निर्देशन दिएको छु ।

## प्रदेश वातावरण संरक्षण ऐनको मस्यौदा तयारी

वातावरण संरक्षण ऐनले वातावरणीय अध्ययन गरी अस्पताल, उद्योग, चुरे उत्खनन्, खोलानाला व्यवस्थापन हुने र जरिबानासहितको कानुनी मान्यता पाउने स्थिति सिर्जना हुन्छ । अर्कोतिर वृक्षरोपणलगायतका कामका लागि उच्चस्तरीय संयन्त्र गठनको बाटो खुल्नेछ ।

## प्रदेश वन नियमावली, २०८१ राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएको

प्रदेश वन ऐन संसोधनपछि त्यस आधारमा प्रदेश वन नियमावलीमा पनि संशोधन गरिनेछ । अहिले प्रदेश वन ऐनको दफा ९३ आपूर्ति समितिसम्बन्धी व्यवस्था दफा ८३ (३) अनुसार अनुसन्धान अधिकारी तोक्नका लागि प्रयोग भइरहेको छ ।

स्वीकृत वन संवर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्यविधि २०८१ को कार्यान्वयन

दीगो वन व्यवस्थापन कार्यविधि कार्यान्वयनबाट सामुदायिक वन र साझेदारी वनबाट काठ उत्पादन भई जनताको घरदैलोमा सहुलियत दरमा पुग्छ । वनको व्यवस्थापन हुन्छ । व्यवस्थापन भएपछि वनको वृद्धि हुन्छ । कार्बन व्यापारबाट फाइदा सरकारलाई हुन्छ । रोजगारीको अवसर सिर्जना हुन्छ ।

स्वीकृत वन तथा वातावरण क्षेत्र सुधारको रणनीतिक कार्ययोजना, २०८१ कार्यान्वयनमा आएको छ ।

## भू तथा जलाधार व्यवस्थापन कार्यालय थप दुई ठाउँमा सञ्चालन

भू तथा जलाधार कार्यालय पर्सा र महोत्तरीमा स्थापना हुँदा सेवाग्राहीलाई सहज भएको छ । दुईवटा कार्यालयको बोझ चार ठाउँमा बाडिएको छ । स्वाइल एन्ड वाटर कन्जर्भेसनका कर्मचारीको वृत्तिविकासको सम्भावना बढेको छ ।

## प्रदेश वन निर्देशनालयको कार्यालय भवन निर्माण सम्पन्न तथा सञ्चालन

प्रदेश वन निर्देशनालयको आफ्नै भवन सञ्चालनमा आएको छ । यसबाट सेवाप्रवाह सजिलो भएको छ । प्रदेश सरकारअन्तर्गत भौतिक संरचनामा बढोत्तरी भएको छ ।

## काठदाउराको आपूर्ति सहज

पाँच सय ४२ वटा सामुदायिक वनको ८२ हजार एक सय १२ हेक्टरमध्ये ३१ वटा सामुदायिक वनको ६ हजार सात सय पचास हेक्टर तथा साझेदारी वनको ४६ हजार एक सय ४३ दशमलव ८७ हेक्टर वनक्षेत्रमा वन संवद्र्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन प्रणाली अवलम्बन गरी काठदाउरा आपूर्तिमा सहजता ल्याउने कार्यमा तीव्रता दिइएको छ । साथै आठवटै जिल्लामा काठदाउरा बिक्री डिपो स्थापना गर्ने निर्णय भई सहज र सुलभ रूपमा काठदाउरा आपूर्तिको व्यवस्था मिलाइएको छ ।

## निःशुल्क बिरुवा वितरण तथा वृक्षरोपण

विभिन्न प्रजातिका बिरुवा उत्पादन भई निःशुल्क रूपमा वितरण गरिएको छ । यसका अतिरिक्त प्रदेशका विभिन्न डिभिजन वन कार्यालय तथा भू तथा जलाधार कार्यालय मार्फत सार्वजनिक, ऐलानीपर्ती, नदीउकास, खाली वनक्षेत्र तथा निजी जग्गामा गरी ८७५ हेक्टर वृक्षरोपण कार्य भएको छ ।

## बारामा ७४ हेक्टर वन अतिक्रमण क्षेत्र पहिचान गरी वनक्षेत्र सार्वजनिकीकरण

कीर्ते कागजपत्रका आधारमा बाराको कोल्हवी नगरपालिका वडा नम्बर २ बसनचौरीस्थित राष्ट्रिय वनको एक सय एघार बिघा, १२ कट्ठा १६ धुर जग्गा अतिक्रमण गर्ने प्रयासलाई डिभिजन वन कार्यालय बाराले विफल तुल्याइएको छ । यस विषयमा गम्भीर अनुसन्धान गरेका डिभिजनल वन कार्यालय बाराका तत्कालीन प्रमुख एवम् डिभिजनल वन अधिकृत विनोद सिँहलाई मैले तत्काल फोन सम्पर्क गरी सराहना गरेको यहाँहरूलाई विदित नै छ ।

साबिक सपही गाविस वडा नम्बर १ र हाल कोल्हवी नगरपालिका–२ मा पर्ने कित्ता नम्बर १०, १२, १३, १४, १५ र १६ का व्यक्तिको लालपुर्जा र नक्साभित्रका जग्गामा नेपाली सेनाले गरेको वृक्षरोपण खाली गराउन लिलादेवी बुढाथोकीले नेपाली सेनाको जङ्गी अड्डा काठमाडौंमा निवेदन पेस गरेका थिए । त्यसउपर डिभिजन वन कार्यालय बाराले जाँचबुझ गर्दा साबिक सपही गाविस वडा नम्बर १(घ) को नाममा जनिएको कित्ता नम्बर १ देखि १९ को कुल क्षेत्रफल एक सय एघार बिघा, १२ कट्ठा १६ धुर अर्थात् ७५ दशमलव ५३ हेक्टर जग्गा हाल कोल्हवी नगरपालिका वडा नम्बर २ बारास्थित तामागढी साझेदारी वन उपभोक्ता समूहले संरक्षण तथा व्यवस्थापन गर्दै आएको खुलेको थियो ।

डिभिजन वन कार्यालय बाराले सो जग्गाको स्वामित्व नेपाल सरकारमा रहेको राष्ट्रिय वनक्षेत्र हो भनी ठहर गर्दै सो जग्गाको हक कोही कसैलाई पनि हस्तान्तरण गर्ने तर्फ कामकारबाही नगराउन भूमिसुधार तथा मालपोत कार्यालय बारा नापी कार्यालयलाई लेखी पठाएको छ ।

## सिरहाको नरहा गाउँपालिकामा वनअतिक्रमण हटाइयो

सिरहाको नरहा गाउँपालिका वडा नम्बर ३ मा होटल घरटहरा हटाई तीन हेक्टर वनक्षेत्रको जमिन खाली गराइएको छ ।

## रौतहटको चन्द्रपुर नगरपालिकामा वन अतिक्रमण खाली गराई वृक्षरोपण

यसैगरी मेरो निर्देशनमा डिभिजन वन कार्यालय रौतहटले चन्द्रपुर नगरपालिका वडा नम्बर २ स्थित महादेव स्थान सामुदायिक वनको जग्गा अतिक्रमण गरी डेढ बिघामा लगाइएका मकै, मासको दाल लगायतका बालीलाई खाली गराएको छ । वनक्षेत्रको सो जग्गामा अहिले वृक्षरोपण गरिएको छ ।

सागरनाथ वनविकास परियोजनालाई प्रदेश सरकार मातहत ल्याउन प्रयास भइरहेको छ । यस विषयमा मैले संघीय वन मन्त्रीसँग गम्भीर कुराकानी गरेको छु ।

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## प्रदेश रजिष्ट्रार कार्यालयको स्थापना

प्रदेश रजिष्ट्रार कार्यालयको स्थापना भई हस्तान्तरण भएर आएका करिब आठ सय सहकारीहरूको परिचालन, अनुगमन र नियमन हुने भएको छ । यसबाट वचतकर्ताको लगानी फिर्ता नहुने, समयमा फिर्ता नहुने, लगानी असुलि नहुने, सहकारीबाटै रकम अपचलन हुने जस्ता अनेकौँ बेथिति नियन्त्रण गर्न मद्दत पुग्नेछ ।

आठ सय सहकारीमध्ये अहिले एक सय ९० सहकारीमात्र सम्पर्कमा आएका छन् । यसले धेरै सँख्यामा सहकारीहरू अस्तित्वमा नरहेको संकेत गर्छ । प्रदेश रजिस्ट्रार कार्यालय स्थापनाबाट ती जम्मै सहकारीहरूको खोजी तथा नियमन गर्ने मार्ग प्रशस्त भएको छ ।

## प्रदेश बीउबिजन विधेयक प्रदेशसभामा

कृषि प्रणालीमा बीउको अत्यन्त ठूलो महत्त्व छ । यो विद्येयकमा सूचीकृत भएका जात, गुणस्तरीय बीउको सुनिश्चितता, बीउ छर्ने तर नउम्रने अवस्थामा किसानलाई क्षतिपूर्ति दिलाउने व्यवस्था, सूचीकृत नभएका जातका बीउको बिक्रीवितरणमा रोक, बीउ वितरण गर्ने इजाजत आदिका विषयमा प्रावधान छन् ।

## प्रदेश जीवनाशक विषादी व्यवस्थापन विधेयक मस्यौदा तयारी

प्रदेशमा अनियन्त्रित विषादीको प्रयोगलाई नियन्त्रण गर्न, स्वच्छ उत्पादन प्रवद्र्धन गर्न, विषादीको प्रयोग न्यूनीकरण गरी प्राङ्गारिक खेती प्रवद्र्धनमा सघाउ पुग्नेछ ।

## विषादी विक्रेताहरूको इजाजतपत्र नवीकरणका लागि कार्यविधि मस्यौदा तयारी

विषादी विक्रेताको नियमन, सूचीकृत भएका विषादी विक्री इजाजतपत्र जारी गर्न र नवीकरण गर्न यो विधेयक पारित भएर ऐन बनिसकेपछि सहज हुनेछ ।

## कमला पश्चिम नदी उकास जग्गा प्रयोग सम्बन्धी एकीकृत कृषि विकास परियोजनाको सुरुवात

कमला नदीको बाढीले धार परिवर्तन हुँदा जग्गा बगरमा परिणत भएको छ । नदी उकासका करिब १५ हजार बिघा जग्गा खेर गइरहेको छ । त्यस जमिनलाई कृषिकार्यमा अधिकतम उपयोग गर्नेगरी त्यसमा आश्रित किसानको जीवनस्तर उकास्ने उद्देश्यले एकीकृत कृषि विकास परियोजनाका लागि डिपिआर तयारी भइरहेको छ । यो परियोजनामा बहुउद्देश्यी कृषिकार्यसँग पर्यटनलाई जोडिनेछ ।

## कृषि विद्युतीकरणका लागि समन्वय

कृषि उत्पादनको लागत कम गर्न कृषि विद्युतीकरण आवश्यक छ । कृषि विद्युत् मार्फत सहुलियत दरमा महसुलका लागि विद्युत्बाट मोटर सञ्चालन गर्न पोल र तार लगिदिनुपर्ने हुन्छ । कृषि विद्युतीकरणको समस्या मधेशमा बढी छ । यसका लागि प्रदेश सरकार र विद्युत् प्राधिकरणबीच ४८–४८ करोड रुपैयाँ खर्च बेहोर्नेगरी सम्झौताको गृहकार्य भइरहेको छ । कृषि विद्युतीकरणका लागि अहिले स्थानीय तहबाट माग संकलन भइरहेको छ ।

## रासायनिक मलको समयमै बाँडफाँट

यसपटक एक लाख ५० हजार मेट्रिक टन रासायनिक मल (युरिया र डिएपी) को समयमा नै बाँडफाँट गरिएको छ । रासायनिक मलको मागअनुसारको उपलब्धता छैन । तर पोहोर सालभन्दा ७३ हजार पाँच सय बढी मेट्रिक टन मल उपलब्ध हुँदा मल व्यवस्थापन गर्न हामी सफल भएका छौँ ।

## किसानलाई भेटेनरी तथा कृषिविज्ञको सेवा

प्रदेशका आठवटै जिल्लामा रहेका कृषिज्ञान केन्द्र र भेटेनरी तथा पशुसेवा विज्ञ केन्द्र मार्फत परामर्श, उपचार तथा प्रयोगशालालगायतका विषयमा तीन महिनामा कम्तीमा ५० हजारभन्दा बढी किसान लाभान्वित भएका छन् ।

## माछापोखरी विस्तार

देशकै ६० प्रतिशत माछा उत्पादन हुने मधेश प्रदेशमा उत्पादकत्व वृद्धि र क्षेत्र विस्तारअन्तर्गत छ सय ७९ हेक्टरमा नयाँ पोखरी निर्माण गरी औसतमा तीन हजार एक सय २५ मेट्रिक टन मत्स्य उत्पादन भई किसान तथा व्यवसायी लाभान्वित भएका छन् । यसले खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याएको छ ।

**स्यालो ट्युवेलमार्फत सिँचाइ**

साना सिँचाइ स्यालो ट्युवेल कार्यक्रम सञ्चालन गरी पाँच हजार हेक्टरमा थप सिँचाइ सुविधा पुर्याइएको छ ।

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

मुटु, मृगौला, स्पाइनल इन्जुरी, मस्तिष्कघात, क्यान्सर, थालसेमिया, सिकल सेल एनिमिया आदि दीर्घकालीन प्रकृतिका नौवटा रोगको उपचारमा सहयाता गर्न प्रतिव्यक्ति एक लाख रुपैयाँका दरले एक हजारजना रोगीलाई कुल १० करोड रुपैयाँ भुक्तानी दिइएको छ ।

मधेश स्वास्थ्यविज्ञान प्रतिष्ठान जनकपुरअन्तर्गत रहेको प्रादेशिक अस्पताल जनकपुरधाममा तीन सय बेड थप गरी स्तरोन्नति गरिएको छ । यसले प्रतिष्ठानले सञ्चालन गर्ने चिकित्साशास्त्रतर्फको स्नातक (एमबिबिएस) पठनपाठन तथा विशिष्टीकृत स्वास्थ्यसेवामा जनताको पहुँचवृद्धि हुनेछ ।

मधेश स्वास्थ्यविज्ञान प्रतिष्ठानका लागि चिकित्साशिक्षा आयोगले एमबिबिएस पठनपाठनका लागि ५० सिट यसै वर्षदेखि निर्धारण गरेको छ । मधेश प्रदेशका लागि यो ठूलो उपलब्धि हो । प्रतिष्ठानमा देशका विभिन्न क्षेत्रबाट एमबिबिएस अध्ययनका लागि आउने विद्यार्थीका कारण धार्मिक तथा साँस्कृतिक अनुभव आदानप्रदान हुनुसँगै सहिष्णुता कायम हुनेछ । पृथक्पृथक् संस्कार र भाषामा सहजीकरण हुनेछ ।

दक्ष चिकित्सक तथा शिक्षकका कारणले स्वास्थ्यसेवाको गुणस्तरमा उल्लेख्य सुधार हुनेछ । देशका विभिन्न क्षेत्र तथा विदेशबाट आउने विद्यार्थीका कारण आन्तरिक तथा बाह्य पर्यटन विकासमा टेवा पुग्न गई प्रदेश अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्नेछ ।

मेडिकल कलेजको स्थापनाले प्रत्यक्ष रूपमा थप सयौं रोजगारी सिर्जना हुनेछ छ भने अप्रत्यक्ष रूपमा झन् बढी रोजगारी सिर्जना हुनेछ । दक्ष तथा अनुभवी शिक्षक तथा चिकित्सकका कारण चिकीत्सकीय अनुसन्धानका क्षेत्रमा पनि आशातीत सफलता प्राप्त गरिनेछ ।

स्थानीय तहबाट मधेश प्रदेश सरकारलाई हस्तान्तरण गरिएका चारवटा अस्पतालहरू सर्लाहीको धनकौल, पर्साको पोखरिया, सप्तरीको भारदह, धनुषाको डुमरिया अहिले सञ्चालन हुने प्रक्रियामा छ ।

प्रदेशभित्रका सबै प्रकारका अस्पतालको बायोमेडिकल उपकरणहरूको परीक्षण र मर्मतसम्भार गर्न बायोमेडिकल वर्कसप निर्माण भएको छ ।

सेट एनेस्थेसिया वर्क स्टेसन मेसिन खरिद गरी सिरहा अस्पताल, जलेश्वर अस्पताल, मलंगवा अस्पताल र मधेश स्वास्थ्यविज्ञान प्रतिष्ठानमा वितरण गरी सञ्चालनमा ल्याइएको छ ।

अर्थोपेडिक विभागका लागि ५ वटा अर्थोपेडिक सेट खरिद गरी प्रादेशिक अस्पताल सिरहा, जलेश्वर, मलंगवा, गौर र कलैया अस्पतालमा पठाइएको छ ।

नाक, कान, घाँटी विभागका लागि दुई सेट इएनटी माइक्रोस्कोप र इएनटी इन्डोस्कोप खरिद गरी सिरहा अस्पताल, सिरहा र मधेश स्वास्थ्यविज्ञान प्रतिष्ठानमा हस्तान्तरण गरिएको छ ।

विभिन्न स्वास्थ्य संस्थाहरूमा आवश्यक स्वास्थ्य उपकरण तथा औषधि पठाइएको छ ।

प्रदेश सरकार मातहतका बिभिन्न अस्पतालको स्तरोन्नति गरिएको छ । विभिन्न स्वास्थ्य संस्थामा पठाउन चार सयभन्दा वढी दरबन्दी सिर्जना गरिएको छ ।

प्रादेशिक स्वास्थ्य नीति निर्माण तथा प्रादेशिक आपूर्ति शृंखला निर्देशिका अन्तिम चरणमा छ ।

मन्त्रालयले आँखा स्वास्थ्य सम्बन्धी बी ओप्टोमेटरीका जनशक्तिको सरकारी दरबन्दी सुनिश्चितता हुनेगरी प्रक्रिया अगाडि बढाएको छ ।

स्वास्थ्यमा काम गर्ने संघसंस्थालाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग समन्वय गरी संयुक्त रूपमा कार्यसञ्चालन गर्ने प्रतिबद्धताअनुसार अगाडि बढ्ने स्थिति सिर्जना गरिएको छ ।

स्वास्थ्य क्षेत्रमा बीमा र सामाजिक सुरक्षा योजनाको व्यय र अग्रिम रोग व्यवस्थापनका लागि ५ लाख कभरेज योजना,सबै स्तरको मानवसंशाधन उत्पादन, विशेष हेरचाह, टेलिमेडिसिन र रिफ्रेसर प्रशिक्षणका लागि उत्कृष्ट एमआइएचएस केन्द्र स्थापना गर्र्ने, स्वास्थकर्मीहरुको गुणस्तर बढाउन अनजब मेन्टरिङ एन्ड कोचिङ गर्ने, स्वास्थ्य जनशक्तिका लागि संगठनात्मक तथा व्यवस्थापकीय योजना बनाउने, स्वास्थ्य प्रकोप तथा महामारी नीति ल्याउने, मुख्यमन्त्री घुम्ती स्वास्थ्य शिविर सञ्चालन, इलेक्ट्रोनिक लजिस्टिक व्यवस्थापन सूचना प्रणालीमा शतप्रतिशत पुर्याउन तथा डिजिटलाइज्ड स्वास्थ्य प्रणालीजस्ता महत्वाकाक्षी काम गर्ने प्रदेश सरकारको योजना छ ।

**उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय**

**प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी विद्येयक, २०८०**

यो विधेयक अहिले प्रदेशसभामा पेस गर्न स्वीकृतिका लागि मन्त्रिपरिषद्मा छ । व्यापार व्यसायलाई स्वच्छ, प्रतिस्पर्धी र व्यवस्थित बनाई उपभोक्ता तथा व्यापार व्यवसाय मैत्री वातावरण बनाउन प्रदेशभित्र हुने व्यापार व्यवसायलाई व्यवस्थापन र नियमन गर्नका लागि यो विधेयक महत्त्वपूर्ण छ ।

**प्रदेशस्तरीय बजार अनुगमन निर्देशिका**

एक महिनाभित्र प्रदेशस्तरीय बजार अनुगमन निर्देशिकाको निर्माण गर्न समिति गठन भएको छ । यो निर्देशिका बनेपछि स्वच्छ र प्रतिस्पर्धात्मक बजार कायम गरी उपभोक्ताको हित संरक्षणका लागि वस्तु वा सेवाको आपूर्ति, मूल्य, गुणस्तर, शुद्धता र परिमाणलगायतका अनुगमन तथा निरीक्षण कार्य व्यवस्थित हुनेछ ।

**राजस्ववृद्धि प्रयास**

प्रदेशका अधिकांश सिमेन्ट उद्योगहरूले सिमेन्ट निकासीबापतको कर प्रदेश सरकारलाई बुझाउन बाँकी छ । प्रतिबोरा अर्थात् पचास किलोमा एक रुपैयाँ बुझाउनुपर्ने कर बुझाएको/नबुझाएको बारे अनुगमन गर्न समिति गठन भएको छ ।

पर्यटनसम्बन्धी गुरुयोजना, घुम्ती शौचालयको  टिओआर तथा स्पेसिफिकेसन गरी टेन्डर आह्वान गर्ने प्रक्रियामा छ ।

घरेलु तथा साना उद्योग कार्यालयहरूका लागि आवश्यक विभिन्न कार्यविधिहरू सिप विकास तालिम निर्देशिका, भगत सर्वजित तालिम निर्देशिका, प्रविधि हस्तान्तरण निर्देशिका आदि तयार भइरहेका छन् ।

छवटा घम्ती शौचालय खरिद गरी दुई वटा हनुमाननगर नगरपालिका, दुईवटा बर्दिवास नगरपालिका र एकवटा महागढीमाई नगरपालिकामा पठाइएको छ ।

जनयुद्ध संग्राहलय, गणेशमान चारनाथ नगरपालिका, धनुषा, शहिद संग्राहलय, लहान नगरपालिका,. सिरहा र बरहरवा ताल, गौर, रौतहटका डिपिआर तयार गरी चालू आर्थिक वर्षमा कार्य गरिनेछ ।

**गृह, सञ्चार तथा कानुन मन्त्रालय**

लागुऔषध दुव्र्यसनमुक्त अभियानअन्तर्गत महोत्तरीको गौशालामा सुधार केन्द्र निर्माण भएको छ ।

सुरक्षासम्बद्ध निकायको सबलीकरणका लागि विभिन्न किसिमका सुरक्षा तथा प्रविधिसँग जोडिएका सामग्री हस्तान्तरण गरिएको छ ।

**अर्थ मन्त्रालय**

स्थानीय तहलाई थप जिम्मेवार बनाउदै सशर्त अनुदानलाई क्षेत्र निर्धारण गरी प्रत्येक महानगरपालिकालाई रु १ करोड ७५ लाख, प्रत्येक उपमहानगरपालिकालाई रु १ करोड २५ लाख, प्रत्येक नगरपालिकालाई रु ९५ लाख र प्रत्येक गाउँपालिकालाई रु ८० लाखका दरले सशर्त अनुदान प्रदान गर्ने व्यवस्था मिलाइएको छ ।

प्रदेशको आन्तरिक स्रोत परिचालन गर्न राजश्व संकलनको दायरा प्रभावकारी गराउन अध्ययनसहितको योजना बनाउने र कानुनहरू बनाई आवश्यक वातावरण निर्माण गर्नेतर्फ सरकारले कार्य गर्ने गरी बजेट तथा कार्यक्रम प्रस्तुत भएको छ ।

समपूरक र विशेष अनुदानलाई व्यवस्थित गर्न रुजुसूचीमार्फत प्रक्रियालाई सरल बनाइएको छ ।

रकमान्तर र अन्य बजेट निकासा प्रणालीलाई व्यवस्थित गर्न जाँचसूचीसहित कार्य गरिएको छ ।

यसअघिका स्रोत सुनिश्चितताका विषयलाई बजेटमै समावेश गरिएको छ ।

मधेश प्रदेशमा स्रोत सुनिश्चितता गरी पछिल्ला वर्षहरूका लागि कुनै दायित्व सिर्जना गरिएको छैन । यो दायित्व व्यवस्थापन भविष्यका लागि एक असल अभ्यास रूपमा रहेको छ ।

बहुवर्षीय योजनामा सहमति दिने तथा स्रोत सुनिश्चितता गर्ने सम्बन्धमा जाँचसूची प्रचलित कानुनको अधिनमा रही तयार गरिएको र सोको आधारमा कार्य गर्ने/गराउने गरी प्रक्रियागत सुधार गरिएको छ ।

मधेश प्रदेश सरकारको सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्वसम्बन्धी मूल्याङ्कन कार्यको सुरुवात गरिएको छ ।

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रमअन्तर्गत विश्व बैंकको सहयोगमा धनुषाको हँसपुर नगरपालिका र महोत्तरीको सोनमा गाउँपालिकालाई पक्की सडक सञ्जालसँग जोड्न २५ किलोमिटर प्रादेशिक कालोपत्रे सडकका लागि बोलपत्र आह्वान भएको छ ।

जनता आवास कार्यक्रम तथा महेन्द्रनाराय निधि आवास कार्यक्रमलाई निरन्तरता दिँदै थप आवास निर्माणका लागि "विपन्न सँग मदन भण्डारी विपन्न आवास कार्यक्रम, कार्यान्वयन कार्यविधि, २०८१" को मस्यौदा तयार भई स्वीकृतिको चरणमा छ ।

"एक निर्वाचन क्षेत्र एक पक्की पुल निर्माण कार्याक्रम छनौट मापदण्ड, २०८१" को मस्यौदा तयार भई स्वीकृतिको चरणमा रहेको छ । ठूला योजनाअन्तर्गत प्रत्येक निर्वाचन क्षेत्रमा एकएक वटा गरी ६४ वटा पुल बन्नेछ ।

एक निर्वाचन क्षेत्र एक सडक दोस्रो चरण अन्तर्गत ६४ वटा सडकको छनौट तथा विस्तृत अध्ययन प्रतिवेदन तयार भई ठेक्का प्रक्रियाको तयारीमा रहेको छ ।

प्रादेशिक सडक सञ्जाल गुरुयोजना तयार भई स्वीकृतिको चरणमा रहेको छ ।

गढीमाई बहुउद्देश्यीय रंगशाला बारा जिल्लाको महागढीमाई नगरपालिकामा निर्माण सम्पन्न भई सञ्चालनमा आएको छ ।

अल्पकालिन तथा दीर्घकालीन योजनासहित मधेश प्रदेशको प्रशासनिक भवन निर्माणको प्रक्रिया अगाडि बढाइएको छ ।

**शिक्षा तथा संस्कृति मन्त्रालय**

नमुना विद्यालय विकास तथा सञ्चालन निर्देशिका २०८१ तयारी चरणमा छ ।

मधेश प्रदेशको शिक्षा नीति बनाउने कार्य अन्तिम चरणमा छ ।

शिक्षा क्षेत्रको विपद्पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण भई स्वीकृतिको चरणमा छ ।

शिक्षा विकास इकाइ (स्थापना तथा सञ्चालन) निर्देशिका २०८१ तयार भई लागु हुने प्रक्रियागत चरणमा छ ।

सरकारी कामकाजको भाषासम्बन्धी विधेयकको मस्यौदा तयार भई प्रदेशसभामा पठाउने प्रक्रिया तीव्र बनाइएको छ ।

शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण निर्देशिका २०८१ को मस्यौदा तयार भई स्वीकृतिको चरणमा छ ।